नेपाल सरकार
# गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

संख्या: नाराप/०७५/७६
पत्र संख्या र मिति:-
६४८

मिति: २०७६।०१।२५

विषयः आदेश कार्यान्वयन गर्नु गराउनु हुन ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

उपर्युक्त सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको च.नं. ७५३०६-२९५७२६ मिति २०७६।०१।२४ को पत्रसाथ प्राप्त हुन आएको रिट निवेदक अधिवक्ता बालकृष्ण नेउपाने र विपक्षी नेपाल सरकार गृह मन्त्रालय समेत भएको ०७५-wo-०९९१ नं. को उत्प्रेषणयुक्त परमादेश समेत रिट निवेदनमा मिति २०७६।०१।२४ गते गृह मन्त्रालयको च.नं.५८३ मिति २०७५।१२।१९ को पत्रको विषयमा पूर्ण ईजलाशबाट सुनुवाई भई अन्तरिम आदेश जारी हुने, नहुने सम्बन्धमा टुंगो नलागेसम्म नेपाल सरकार गृह मन्त्रालयको च.नं.५८३ मिति २०७५।१२।१९ को पत्र कार्यान्वयन नगर्नु नगराउनु, हाल सो पत्र कार्यान्वयन नगरि यथास्थितिमा राख्नु भनी अल्पकालिन अन्तरिम आदेश जारी भएकोले सोको प्रतिलिपी यसैसाथ राखी पठाईएको छ ।सो आदेशानुसार गर्न गराउनु हुन समेत अनुरोध छ भनी आदेश समेत संलग्न राखी पत्र प्राप्त हुन आएकोले आदेशानुसार गर्नु गराउनु हुन फैसलाको प्रति पाना-२ समेत यसैसाथ संलग्न राखी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

हिरादेवी पौडेल
उप-सचिव

# सर्वोच्च अदालत

(मुद्दा तथा रिट महाशाखा)

महाशाखाप्रमुख ४२६२८७८

4262398, 4262397, 4262895

website www.supremecourt.gov.np:–

च.नं.:- ७५३०६-२९५७२६

मितिः–२०७६|०१|२४

रिट नं :- ०७५-WO-०९९१

बिषयः– आदेशको जानकारी गराईएको बारे ।

१. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार, काठमाण्डौं।

२. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।

३. श्री गृह मन्त्री, नेपाल सरकार गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।

उपरोक्त सम्बन्धमा रिट निवेदक अधिवक्ता बालकृष्ण नेउपाने र विपक्षी नेपाल सरकार गृह मन्त्रालय समेत भएको ०७५-wo-०९९१ नं.को उत्प्रेषणयुक्त परमादेश समेत रिट निवेदनमा मिति २०७६।०१।२४ गते गृह मन्त्रालयको च.नं. ५८३ मिति २०७५|१२|१९ को पत्रको विषयमा पूर्ण ईजलाशबाट सुनुवाई भई अन्तरिम आदेश जारी हुने, नहुने सम्बन्धमा टुंगो नलागेसम्म नेपाल सरकार गृह मन्त्रालयको च.नं. ५८३ मिति २०७५|१२|१९ को पत्र कार्यान्वयन नगर्नु नगराउनु , हाल सो पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी अल्पकालीन अन्तरिम आदेश जारी भएकोले सोको प्रतिलिपी यसैपत्र साथ संलग्न राखी पठाईएको छ। सो आदेशानुसार गर्नु गराउनु हुन समेत अनुरोध छ ।

रिट-६

उ.र. देवेन्द्र ढकाल

शाखा प्रमुख

फरक-फरक आदेश जारी हुन पुगेको देखियो। यसबाट अदालतको आदेशको कार्यान्वयनमा द्विविधा पैदा हुने अवस्था देखिएको र यस अदालतको आदेशमा निश्चितता र एकरूपता कायम हुन समेत वान्छनीय देखिएको हुँदा विवादित कानूनी प्रश्नको निरुपण पूर्ण ईजलासबाट हुन आवश्यक र मनासिव देखिएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ख) र (ग) बमोजिम प्रस्तुत ०७५-FN-०४९३ को निवेदन उपर सुनुवाईका लागि पूर्ण इजलास समक्ष पेश गर्नू।

उपरोक्त अनुसार पूर्ण ईजलासबाट सुनुवाई भई अन्तरिम आदेश जारी हुने, नहुने सम्बन्धमा टुङ्गो नलागेसम्म नेपाल सरकार, गृह मन्त्रालयको च.नं. ५८३ मिति २०७५।१२।१९ को पत्र कार्यान्वयन नगर्नु, नगराउनु, हाल सो पत्र कार्यान्वयन नगरी यथास्थितिमा राखु भनी अल्पकालीन अन्तरिम आदेश जारी गरिएको छ। सो को जनाउ तत्काल विपक्षीहरूलाई दिनु।

अन्तरिम आदेश जारी गरीपाउँ भन्ने ०७५-FN-०४९३ को निवेदन पूर्ण इजलासबाट सुनुवाईका लागि मिति तोकी तत्काल पेशी चढाइ सो छलफलमा उपस्थित हुन महान्यायाधिवक्ताको कार्यालय सहित विपक्षीहरूलाई जनाउ दिई अरू नियमानुसार गरी पेश गर्नू।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७६ साल बैशाख २४ गते रोज ३ शुभम्

द्दाको बिस्तृत विवरण

मुद्दाको विवरण

| | | | |
|---|---|---|---|
| दर्ता नं . : | ०७५-WO-०९९१ | दर्ता मितीः | २०७५।१२।२४ |
| रुजु मितीः | २०७५।१२।२७ | | |
| मुद्दाको किसिमः | रिट निवेदन | मुद्दाः | उत्प्रेषण |
| फाँटवालाः | लोक राज ढुंगाना | फाँटः | रिट ६ |
| मुद्दाको स्थितीः | चलिरहेको | | |

ादी प्रतिवादी को विवरण

वादीहरु : अधिवक्ता बालकृष्ण नेउपाने

प्रतिवादीहरु : प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरवार काठमाडौं समेत

ेर्न नमिल्ने मा. न्या.

अधिवक्ता को विवरण

सर्वोच्च अदालत, संयुक्त इजलास
मानननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

**आदेश**

०७५-FN-०४९३(०७५-WO-०९९१)

मुद्दाः- उत्प्रेषण।

बालकृष्ण नेउपाने...........................................................................१ निवेदक

**विरूद्ध**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत.......................................१ विपक्षी

निवेदकका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री बालकृष्ण न्यौपानेले गर्नुभएको बहस समेत सुनियो।

यसमा गृह मन्त्रालय (मा. मन्त्री स्तर) को मिति २०७५।१२।१९ को निर्णय अनुसार भनी लेखिएको गृह मन्त्रालयको च.नं. ५८३ मिति २०७५।१२।१९ को "जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता दिने" सम्बन्धी पत्रको कार्यान्वयनमा रोक लगाउन भनी अन्तरिम आदेश जारी नहुने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७६।१।३ मा आदेश भएको देखियो। तत् पश्चात् निवेदक बोर्णबहादुर कार्की समेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको ०७५-WO-१०४२ को रिट निवेदनका सन्दर्भमा यस अदालतको संयुक्त ईजलासबाट नेपाल सरकार, गृह मन्त्रालयको मिति २०७५।१२।१९ च.नं. ५८३ को उपरोक्त अनुसारको पत्रको केही अंश कार्यान्वयन नगर्नू भनी मिति २०७६।१।१३ मा अन्तरिम आदेश जारी भएको पाइयो। यसरी जारी भएको अन्तरिम आदेशलाई सन्दर्भ बनाएर अन्तरिम आदेश जारी गरीपाउँ भनी निवेदकले अहिले ०७५-FN-०४९३ को निवेदन गरेको देखिन आयो।

माथि उल्लेख भए अनुसार यस अदालतको दुई फरक फरक संयुक्त ईजलासबाट गृह मन्त्रालयको च.नं. ५८३ मिति २०७५।१२।१९ को उही एउटै पत्रको बिषयमा